आज मिति २०८० साल फागुन ४ गते शुक्रबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/१३/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | जानुमाया राई |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | जयबहादुर |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

निर्णय प्रमाणित

२०८०/११/४

प्रस्ताव तथा निर्णयहरु:

१. चालु आ.व. २०८०/०८१ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.- १ माथि छलफल गर्दा शिक्षा तथा मानव श्रोत विकास केन्द्र, अनुसन्धान तथा गुणस्तर सुधार शाखा, सानोठिमि भक्तपुरको मिति २०८०/१०/०९ को सूचना अनुसार ऐसेलुखर्क गाउँपालिका, खोटाङ अन्तर्गतका सामुदायिक विद्यालयहरुले चालु आ.व. २०८०/०८१ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि कार्यक्रम प्रस्ताव पेश गरेकोमा तपसिल बमोजिम प्राथमिकिकरण सहित साथै ४ कोठे भवनका लागि लागत अनुमान अनुसारको नपुग रकम बजेट थप गर्ने प्रतिवद्धता र उपर्युक्त कार्यक्रमहरु दोहोरो नपर्ने सुनिश्चितितापत्र सिफारिस सहित कार्यक्रम छनोटका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमि भक्तपुरमा पेश/सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | प्रस्तावित कार्यक्रमको शीर्षक | विद्यालयको नाम र ठेगाना (प्राथमिकताक्रम सहित) |
|---|---|---|
| १ | विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रम (४ कोठे विद्यालय भवन) | १. श्री जालपा मा.वि., ऐसेलुखर्क-२, बादेल । |
| | | २. श्री शान्तोदय मा.वि., ऐसेलुखर्क-६, ज्यामिरे । |
| २ | विद्यालयमा सूचना प्रविधि प्रयोगशाला | १. श्री कालिका बाल विकास मा.वि., ऐसेलुखर्क-१, राखा वाङ्देल । |
| | | २. श्री बौद्ध आ.वि., ऐसेलुखर्क-२, झाँक्रीबास । |
| ३ | विद्यालयमा विज्ञान प्रयोगशाला | १. श्री बौद्ध आ.वि., ऐसेलुखर्क-२, झाँक्रीबास । |
| | | २. श्री त्रिभुवन मा.वि., ऐसेलुखर्क-३, ऐसेलुखर्क । |
| ४ | विद्यालयमा पुस्तकालय स्थापना | १. श्री कालिका बाल विकास मा.वि., ऐसेलुखर्क-१, राखा वाङ्देल । |
| ५ | प्राविधिक धारका विद्यालय विस्तार (पशु विज्ञान) | १. श्री सिम्ले मा.वि., ऐसेलुखर्क-४, जलेश्वरी । |

२. चालु आ.व. २०८०/०८१ को संघिय शसर्त अनुदानतर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धमा ।

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ को संघिय शसर्त अनुदानतर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षक अन्तर्गत ऐसेलुखर्क गाउँपालिकामा रहेका तपसिलका विद्यालयहरुमा तपसिल बमोजिमका कार्यक्रमहरु छनोट गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र.स. | कार्यक्रम योजनाको/ शीर्षक | अनुदान प्राप्त हुने रकम | विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा ई-पुस्कालय समेत) | ६,५०,०००/- | १. श्री बौद्ध आ.वि., ऐसेलुखर्क-२, झाँक्रीबास । | छनोट ICT |
| २ | | | २. श्री सिम्ले मा.वि., ऐसेलुखर्क-४, जलेश्वरी । | वैकल्पिक-१ ICT |
| १ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६,५०,०००/- | १. श्री त्रिभुवन मा.वि., ऐसेलुखर्क-३, ऐसेलुखर्क । | छनोट |
| २ | | | २. श्री गुँरास आ.वि., ऐसेलुखर्क-४, जलेश्वरी । | वैकल्पिक-१ |

**३. १५ शैया अस्पताल निर्माणको कार्य सम्पन्न म्याद थप सम्बन्धमा ।**

प्रस्ताव नं.-३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका अन्तर्गत सञ्चालित ठेक्का नं. ARM-KHO-07/2078-079/NCB/WORKS को निर्माणाधीन १५ शैया अस्पतालको निर्माण कार्यको लागि ऐसेलुखर्क गाउँपालिकाको कार्यालय, ऐसेलुखर्क र निर्माण व्यवसायी श्री श्याम सुन्दर गोर्खा तुवाचुङ जे.भि. बीच मिति २०८०/१०/२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८/०४/२६ गते कार्य सम्झौता भएकोमा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली, २०६४ को १२० बमोजिम म्याद थपको लागि मिति २०८०/०९/२० गते निर्माण व्यवसायी श्री श्याम सुन्दर गोर्खा तुवाचुङ जे.भी. बाट निवेदन पेश भएको हुँदा मिति २०८०/१०/२६ गते देखि लागू हुने गरी मिति २०८१ साल भाद्र २५ गतेसम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. साना सिंचाई कार्यक्रम अन्तर्गतको योजनाहरुको सम्भाव्यता अध्ययन सम्बन्धमा ।**

प्रस्ताव नं.-४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा साना सिंचाई कार्यक्रम अन्तर्गतको योजना सञ्चालनको लागि तपसिल बमोजिमको योजनाहरुको सम्भाव्यता अध्ययन गर्न साना सिंचाई कार्यक्रम (SIP), खोटाङलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | चङ्खोला डाँडा टोल पाटीखोला सिंचाई कुलो मर्मत | ऐसेलुखर्क-१ | |
| २. | विस्काम खोला वदवा गोङ्गु सिंचाई कुलो मर्मत | ऐसेलुखर्क-२ | |
| ३. | बैकुण्ठे दाम्ली हवौ सिंचाई कुलो मर्मत | ऐसेलुखर्क-३ | |
| ४. | मकु खोला तोसीखोम डाँडागाउँ सिंचाई कुलो मर्मत | ऐसेलुखर्क-४ | |
| ५. | अधेरी मुहान महभिर हुँदै गैरीखेत सिंचाई कुलो मर्मत | ऐसेलुखर्क-५ | |
| ६. | जमुना बोटे खेत सिंचाई योजना | ऐसेलुखर्क-६ | |
| ७. | लामीसोती सिंचाई कुलो मर्मत | ऐसेलुखर्क-७ | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष